# CHANDRAGIRI HILLS LIMITED

CHANDRAGIRI HILLS
WHERE WISHES COME TRUE

Thankot, Kathmandu, www.chadragirihills.com
Phone no : + 977 4312515

# आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिको प्रतिवेदन

धितोपत्र दर्ता तथा निष्कासन नियमावली, २०७३ को नियम २६ को उपनियम (१) सँग सम्बन्धित
अनुसूची-१४

**चन्द्रागिरि हिल्स लिमिटेडको आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको (अपरिस्कृत) प्रतिवेदन :**

**१. वित्तीय विवरण :**

कम्पनीको हिसाब किताबको लेखांकन अनुसार आर्थिक वर्ष २०८०/०८१ (२०२३/२०२४) को २०८० श्रावण १ देखि असोज ३० -जुलाई १७, २०२३ देखि अक्टोवर १७ ,२०२३ ) सम्मको आर्थिक विवरण निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**(क) आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिको वासलात र नाफा नोक्सान सम्बन्धी विवरण:-**

आर्थिक बर्ष २०८०/०८१ को कम्पनीको प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको तुलनात्मक वित्तिय विवरण अनुसूचि १ मा प्रस्तुत गरिएको छ ।

प्रथम त्रैमासिक समीक्षा अवधिमा सम्बन्धित पक्षहरु बीच कम्पनीको नियमित व्यवसायिक कारोबार बाहेक अन्य कुनै कारोबार नभएको ।

**(ख) कम्पनीको प्रथम त्रैमासिक अवधिको लेखापरीक्षण नभएको वित्तिय विवरणका प्रमुख वित्तीय अनुपात :-**

| विवरण | यस आ.व.को प्रथम त्रैमासिक अवधि (असोज ३०, २०८० को अन्त्यमा) | अघिल्लो आ.व. को चौथो त्रैमासिक अवधि (आषाढ ३०, २०८० को अन्त्यमा) | गत आ.व. को प्रथम त्रैमासिक अवधि(आश्विन ३०, २०७९ को अन्त्यमा) |
|---|---|---|---|
| ऋण पुँजीको अनुपात | १.६७ | १.७६ | २.०३ |
| सेयरधनीको सेयर पुँजी कोषको प्रतिफल | ०.०२ | ०.१२ | ०.०१ |
| प्रतिसेयर आम्दानी (रु) | १.३९ | ९.८५ | ०.८५ |
| प्रतिसेयर नेटवर्थ (रु) | ८६.११ | ८४.७२ | ७५.१४ |
| प्रतिसेयर कुल सम्पत्तिको मूल्य (रु) | २४०.७० | २४६.६३ | २३३.७४ |
| प्रतिसेयर बजार मूल्य (रु १००/-प्रतिसेयर) (रु) | १०६६ | १२८० | ९५३ |
| प्राइस अर्निङ रेसियो (टाईम्स ) | ७६५.१३ | १२९.९० | १११५.३७ |
| चालू अनुपात | ३.२५ | २.८३ | २.६० |

**२. व्यवस्थापकीय विश्लेषण :-**

(क) आर्थिक वर्ष २०८०/०८१ को पहिलो त्रयमासमा यस हिल्समा भ्रमण गरेका पर्यटकको तथ्यांङकका आधारमा बाह्य तथा आन्तरीक पर्यटकहरुको आगमनमा उल्लेख्य सुधार भएको छ । साथै गत आर्थिक वर्ष २०७९।०८० को पहिलो त्रयमासको तुलनामा यस आ.व.को पहिलो त्रयमासमा कम्पनीको कुल आम्दानी १०.५९ प्रतिशतले तथा कर पछिको नाफामा ६३.०६ प्रतिशतले बृद्धि भएको छ ।

(ख) नेपाल पर्यटन बोर्डबाट जारी गरिएको पछिल्लो तथ्यांक अनुसार सन २०२३ को अक्टोवर महिनामा करिव १ लाख १७ हजार पर्यटकहरु नेपाल भित्रिएको देखिन्छ । यसका साथै वर्ष २०२३ को पछिल्लो १० महिनामा प्रति महिना औषत ८० हजार ९६८ पर्यटक नेपाल भित्रिएका छन । उल्लेखित तथ्यांक आफैमा विश्व-व्यापी रुपमा पर्यटन क्षेत्र चलायमान भएको अवस्था र यस क्षेत्रको उल्साहजनक सूचक हो । यसबाट एकिकृत पर्यटकिय गतिविधि संचालन गर्ने यस कम्पनी जस्ता पर्यटन उद्योगका लागि ठूलो अवसरको रुपमा लिइएको छ भने मुलुकको विदेशी मुद्राको आम्दानीमा सकारात्मक प्रभाव पर्न गइ विदेशि मुद्रा संचिति बढ्न जान्छ ।

(ग) हालको प्रतिस्पर्धी पर्यटन बजारमा यस चन्द्रागिरि हिल्स लिमिटेडको अद्वितीय प्राकृतिक वातावरण तथा उपलब्ध पर्यटकिय उपजहरुको समुचित उपयोग गरि ग्राहक केन्द्रित उत्कृष्ट सेवा प्रदान, अनावश्यक खर्च कटौती एवं नियन्त्रण गर्दै कम्पनीको आम्दानीमा उल्लेख्य सुधार गरी नाफामा उल्लेख्य सुधार गर्ने रणनीतिमा रहेको छ । यसका लागि संचालकहरुसंगको छलफल पश्चात कम्पनीका सम्पूर्ण शेयरधनी सदस्यहरुका लागि विशेष छुट सहितको प्याकेजका अतिरिक्त प्रत्येक शुक्रवार तथा सोमवार हुने संध्याकालीन केवलकार टिकटमा विशेष छुट सहित सेवालाई निरन्तता दिइएको छ । र आगामी दिनमा समेत नयाँ नयाँ योजना तथा प्याकेज बनाई उपलब्ध गराउने योजना रहेको छ ।

(घ) कम्पनीको सावधिक कर्जाको किस्ता तथा सो को ब्याज तोकिएको समयमा भुक्तानी गरिदै आइएको छ ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण :-**

(क) आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधि सम्ममा कम्पनीले कुनै मुद्दा दायर गरेको छैन र कम्पनी उपर पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ख) आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिसम्ममा कम्पनीको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

(ग) आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधि सम्ममा कम्पनीलाई कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :-**

(क) शेयरको कारोवारमा हुने उतार चढाव खुल्ला बजारले निर्धारण गरेको मूल्य र मान्यता अनुरुप निर्देशित हुने गरेको छ । शेयरको कारोवार सम्बन्धी विषयमा व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को प्रथम त्रैमासिक अवधिमा प्रति शेयर रु १००/का दरको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय बमोजिम रहेको छ :-

| प्रथम त्रैमासिक (२०८० असोज ३० (तदनुसार अक्टोवर १७, २०२३ सम्म) | सेयर कारोबार-मूल्य (रु) | | | कुल सेयरको कारोबार-दिन र संख्या | | |
|---|---|---|---|---|---|---|
| | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार संख्या | कुल कारोबार सेयर संख्या |
| | १,४७० | १,०५४ | १,०६६ | ६१ | ७,४१८ | ३८७,१८० |

**५. समस्या तथा चुनौती :-**

**(क) समस्या तथा चुनौतीहरु :**

**(अ) आन्तरिक**

१. यस कम्पनीमा आन्तरिक समस्या नरहेको ।

**(आ) वाह्य**

१. अप्रत्याशित रुपमा घट्ने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय घटनाहरुको कारण वाह्य पर्यटकको आवागमनमा यस कम्पनीमा पर्न सक्ने प्रभाव ।

२. देशमा भईरहने राजनैतिक उतार चढावका कारण पर्न सक्ने प्रभाव ।

३. पर्यटकिय पूर्वाधारको विकासमा देखिएको सुस्त गतिका कारण आन्तरिक तथा बाह्य पर्यटकीय गतिविधिमा पार्ने प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव ।

४. पर्यटन सम्बद्ध अस्थिर राष्ट्रिय नीति नियमवाट विषेश गरि पर्यटकीय क्षेत्रमा पर्ने सक्ने प्रभाव ।

५. विदेशी विनियम दरमा आउने परिवर्तन ।

**(ख) रणनीति :**

क कम्पनीप्रति आम जनमानसबाट प्राप्त सकारात्मक सोच, कम्पनीको व्यवस्थापनको कार्यकुशलता र समय सापेक्ष अपनाईएका विभिन्न रणनीतिको परिणामस्वरुप स्वदेश तथा विदेशवाट भ्रमणमा आउने पर्यटकहरुको अघिल्लो समिक्षा अवधिको तुलनामा यस समिक्षा अवधिमा बृद्धि , रिर्सोटमा बास बस्ने र विभिन्न गोष्ठि, सेमिनार संचालन गर्न आउने व्यक्ति तथा संघसस्थाको संख्यामा बृद्धि भएको छ ।

ख) कम्पनीमा उपलब्ध सबै संयन्त्र र पर्यटकीय संरचनाको समुचित उपयोग, संचालन खर्चमा मितव्ययीता सहित अनावश्यक खर्चहरुलाई कटौती गरी कम्पनीको आम्दानीमा बृद्धि हुने गरी बजार व्यवस्थापन गर्ने तर्फ उच्च प्राथमिकता दिईएको छ ।

ग) चन्द्रागिरि हिल्समा आउने पर्यटकहरुको भ्रमणलाई थप आकर्षक तथा उत्प्रेरित गर्नका लागि कम्पनीको तर्फबाट विषेश प्रकारको सदस्यता प्रदान गर्ने कार्यक्रम तथा कम्पनीका शेयर सदस्यहरुकालागि विषेश छुट सहितको नयाँ योजना लागु गरिएको छ ।

**६. संस्थागत सुशासन :**

संस्थागत सुशासन अभिवृद्धिका लागि व्यवस्थापनद्धारा चालिएका कदम संम्बन्धी विवरण:

(क) कम्पनीको लेखापरीक्षण उपसमितिले लेखापरीक्षक छनौट, लेखापरीक्षण गराउने र लेखापरीक्षकबाट प्राप्त प्रतिवेदनको अध्ययन गरि कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त राख्नको लागि व्यवस्थापनलाई निर्देशन समेत दिने गरेको छ ।

(ख) कम्पनीको आन्तरिक लेखापरीक्षण स्वतन्त्र आन्तरिक लेखापरीक्षकबाट गरिन्छ ,आन्तरिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण समिति समक्ष पेश गर्ने गरी सो माथी विस्तृत छलफल हुने गरेको ।

(ग) कम्पनीले नियमनकारी निकायद्वारा जारी गरिएका नियम, विनियम र निर्देशनहरुको पूर्ण परिपालना सहित अन्य प्रचलित ऐन तथा कानुन बमोजिम पुरा गर्नु पर्ने मापदण्डहरुको पूर्ण पालना गर्दछ ।

**७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य,तथ्य,र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाइएको छैन ।

## अनुसुची १

## Chandragiri Hills Limited

Kathmandu, Nepal

### STATEMENT OF UNAUDITED FINANCIAL RESULTS

As on Ashad 31, 2080 BS (16th July 2023)

| Particulars | Upto this Quarter ending on Ashwin 30, 2080 BS (17th October 2023) (Unaudited) | Upto previous Quarter ending on Ashad 31, 2080 BS (16th July 2023) (Unaudited) | Corresponding Previous Year Quarter ending on Ashwin 30, 2079 (17th October 2022) (Unaudited) |
|---|---|---|---|
| **ASSET** | | | |
| **Non-Current Asset** | | | |
| (a) Fixed Asset | | | |
| (i) Property, Plant and Equipment | 2,973,758,225 | 3,013,413,378 | 3,001,697,037 |
| (ii) Intangible Asset | 2,852,421 | 4,560,462 | 4,563,950 |
| (iii) Capital Work in Progress | - | - | 8,821,005 |
| (iv) Right of Use of Asset | 46,690,605 | 46,690,605 | |
| (b) Long term Investment | 315,700,000 | 315,700,000 | 315,700,000 |
| Deferred tax asset | | | 4,000,054 |
| **Total of Non- Current Asset** | **3,339,001,251** | **3,380,364,445** | **3,334,782,046** |
| **Current Assets** | | | |
| (a) Inventories | 50,072,171 | 41,380,134 | 43,931,581 |
| (b) Account Receivables | 32,953,326 | 23,711,979 | 24,159,205 |
| (c) Cash & Cash Equivalent | 158,807,161 | 250,717,144 | 39,040,027 |
| (d) Loans & Advances | 88,721,977 | 61,826,219 | 110,052,875 |
| (e) Other Current Assets | 22,981,650 | 25,578,684 | 33,824,259 |
| **Total of Current Asset** | **353,536,285** | **403,214,160** | **251,007,947** |
| **Total Asset** | **3,692,537,536** | **3,783,578,605** | **3,585,789,992** |
| **EQUITY & LIABILITIES** | | | |
| **Equity, Reserve and Surplus** | | | |
| (a) Share Capital | 1,534,091,000 | 1,534,091,000 | 1,534,091,000 |
| (b) Reserve and Surplus | (213,098,181) | (234,471,546) | (381,328,633) |
| Total Equity, Reserve and Surplus | 1,320,992,819 | 1,299,619,454 | 1,152,762,367 |
| **Non- Current Liabilities** | | | |
| (a) Long-term borrowings | 2,206,134,062 | 2,284,901,871 | 2,336,552,949 |
| (b) Deferred Tax Liabilites | 9,912,329 | 9,912,329 | |
| (c ) Lease Liability | 46,690,605 | 46,690,605 | |
| **Total of Non-Current Liabilities** | **2,262,736,996** | **2,341,504,805** | **2,336,552,949** |
| **Current Liabilities** | | | |
| (a) Duties & Taxes | 3,741,565 | 4,880,595 | 3,305,977 |
| (b) Account payable | 25,110,760 | 32,316,597 | 22,674,437 |
| (c) Other Current Liabilities | 79,955,398 | 105,257,155 | 70,494,263 |
| **Total of Current Liabilities** | **108,807,722** | **142,454,346** | **96,474,677** |
| **Total Equity and Liabilities** | **3,692,537,536** | **3,783,578,605** | **3,585,789,993** |

### STATEMENT OF PROFIT & LOSS FOR THE PERIOD ENDED

on Ashwin 30, 2080 BS (17th October 2023)

| Particulars | Upto this Quarter ending on Ashwin 30, 2080 BS (17th October 2023) (Unaudited) | Upto previous Quarter ending on Ashad 31, 2080 BS (16th July 2023) (Unaudited) | Corresponding Previous Year Quarter ending on Ashwin 30, 2079 (17th October 2022) (Unaudited) |
|---|---|---|---|
| Revenue from Operation | 206,159,928 | 913,417,985 | 186,422,225 |
| Cost of sales | 26,259,613 | 120,817,970 | 23,156,736 |
| **Gross Income** | **179,900,315** | **792,600,015** | **163,265,489** |
| Other Income | 6,109,106 | 9,790,261 | 807,079 |
| **Expenses** | | | |
| Employee Benefits Expenses | 40,525,972 | 132,113,360 | 30,264,534 |
| Administrative and Other Expenses | 33,049,547 | 121,160,185 | 18,269,864 |
| **Total Expenses** | **73,575,519** | **253,273,545** | **48,534,398** |
| **Profit Before Interest, Depreciation and Tax** | **112,433,902** | **549,116,731** | **115,538,170** |
| Finance costs | 63,370,031 | 274,108,759 | 68,639,316 |
| **Profit Before Depreciation and Tax** | **49,063,871** | **275,007,972** | **46,898,854** |
| Depreciation and Amortization Expenses | 27,690,507 | 123,845,455 | 33,791,180 |
| **Profit before extra ordinary items and taxes** | **21,373,364** | **151,162,517** | **13,107,674** |
| Extra ordinary item | | | |
| **Profit before taxes** | | | |
| Tax Expenses | | | |
| Current Tax | | | |
| Deferred Tax (Income)/Expenses | | | |
| **Profit (Loss) for the period from continuing operations** | **21,373,364** | **151,162,517** | **13,107,674** |
| Profit /(Loss) from dis-continuing operations | | | |
| Tax expenses of dis-continuing operations | | | |
| **Profit (Loss) for the period from dis-continuing operations** | | | |
| **Profit/(Loss) for the period** | **21,373,364** | **151,162,517** | **13,107,674** |
| Earning per equity share: | | | |
| Basic Earning per share | 1.39 | 9.85 | 0.85 |
| Diluted Earning per share | 1.39 | 9.85 | 0.85 |